थाहाको सिमभञ्ज्याङमा पर्वतीय ताल बनाउन स्यार्सेकालीलाई ठेक्का । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१५, ● अंक-१५ ● २०७९ कार्तिक ०७ गते सोमबार, ● 24 Oct. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## जहाँ, महाकवि देवकोटाले 'यात्री' कविता रचे



◆ विकास संवाददाता

महाकवि लक्ष्मीप्रसाद देवकोटाले सिर्जना गरेको यात्री कविता नसुनेकाहरू विरलै होलान् । उनै महाकवि देवकोटालाई यात्री कविता फुरेको ठाउँ हो मकवानपुरको चित्लाङ । स्थानीय बयोवृद्धहरूको अनुसार चर्चित कविता यात्रीको रचना गर्भ झण्डै सातदशक अघिको समय हो । चित्लाङमा रहेको एउटा ढुङगे धारामा बसेर महाकविले रचना गरेको जनश्रुति छ ।

*कुन मन्दिरमा जान्छौ यात्री*
*कुन मन्दिरमा जाने हो*
*कुन सामग्री पूजा गर्ने*
*साथ कसरी लाने हो ..!*


चन्द्रागिरीबाट मकवानपुर झर्दा पहिलो धाराको रूपमा रहेको गुर्जुधारामा बसेर सुस्ताउदै महाकवि लक्ष्मीप्रसाद देवकोटाले विक्रम संवत १९९८ मा कविता लेखेको बताइएको छ । चन्द्रगिरीको फेदीमा चित्लाङ-२ (हाल थाहा नगरपालिका वडा नम्बर ९) मा रहेको धारामा बसिरहेका देवकोटाले पशुपति दर्शनका लागि अर्को व्यक्तिको काँधका बोकिएर आएका भारतीय तिर्थयात्रीहरूलाई देखेर यो कविता लेखेको स्थानीय बुद्धरत्न मानन्धरले बताए । अहिले धारा नजिकैका घरहरू भत्किसकेको अवस्थामा पुगेका छन् । देवकोटाले धारामा पानी पिएर थकाई मारेर बसेको ढुङगो अझै त्यहीँ रहेको स्थानीय ७९ वर्षीय बाबुकाजी मानन्धरले जानकारी दिए । पशुपतिनाथ दर्शनका लागि धेरै संख्याका भारतीय नागरिकहरू त्यही बाटो भएर काठमाडौँ जाने गरेका थिए ।

राजधानी काठमाडौँलाई जोड्ने पहिलो सडक त्रिभुवन राजपथ निर्माणपूर्व काठमाडौँ-चन्द्राागिरी-चित्लाङ-भीमफेदी हुँदै हेटौँडाबाट भारतीय सीमासम्म पुग्ने गरिन्थ्यो । नेपाल भारत सीमा क्षेत्रवाट काठमाडौँ जानका लागि अन्य बाटो नभएपछि यही मार्गको प्रयोग हुने मनन्धरले बताए । उनले भने-'उतीबेला चित्लाङको बाटो दुई तर्फी चल्थ्यो, राती सुत्ने दिनभरी व्यापार गर्थे ।' चित्लाङमै यात्री कविता रचेको घरैमा दस्तावेज भेटेर देवकोटा परिवारका पाँचजनाले वि.सं. २०४१ सालमा चित्लाङ आएर ठाउँ अवलोकन गरेको तत्कालिन स्वच्छन्द भैरब स्कूलका प्रधानाध्यापक बुद्धरत्न मानन्धरले जानकारी दिए । देवकोटा परिवारले २०४२ सालमा चन्द्रागिरी भन्ज्याङमा ठूलो बोर्डमा यात्री कविता लेखेर झुण्ड्याएका थिए । द्वन्द्वकालका बेला उक्त बोर्ड हराएको मानन्धरले सुनाए । लक्ष्मी प्रसाद देवकोटालाई सम्झिनको लागि चित्लाङमा उनको अर्धकदको शालिक निर्माण गर्ने अभियान चलिरहेको मानन्धरले बताए ।

### *संघ/प्रदेश निर्वाचन, २०७९ मा मकवानपुर*

## प्रतिनिधिसभा-२ (क) को गणित

विकास संवाददाता
थाहानगर




मकवानपुरको निर्वाचन क्षेत्र नम्बर २ (क) मा दुई उमेद्वारबीच कडा प्रतिस्पर्धा देखिने भएको छ । प्रमुखतः सत्ता गठबन्धनको उमेद्वार कुमारी मोक्तान र एमालेका उमेद्वार विष्णु प्रसाद ढकालबीच कडा प्रतिस्पर्धा हुने भएको छ । यद्यपि मकवानपुर-२ (क) मा ८ जनाले उमेद्वारी दर्ता गराएका छन् । निर्वाचन नजिकिएसंगै चुनावी अंक गणित शुरू भएको छ । विशेषतः हालै सम्पन्न स्थानीय तह निर्वाचनको मतभारलाई आधार मानेर मत आँकलन हुने गरेको छ ।

स्थानीय तह निर्वाचन, २०७९ मा पार्टीका वडा अध्यक्षले पाएको मतलाई आधार मान्ने हो भने मकवानपुर-२ (क) मा २१ हजार ६ सय १४ मतसहित नेकपा एमाले पहिलो पार्टीको रूपमा रहेको छ । नेपाली काँग्रेस १६ हजार ७ सय २१ मतसहित दोस्रो र ११ हजार ४ सय ३६ मतसहित तेस्रो पाटीको रूपमा रहेको छ । नेकपा एकीकृत समाजवादीको १ हजार ६४८ मत मात्र रहेको छ । यो सम्बन्धित पार्टीको वडाध्यक्षले पाएको सदर मत संख्या हो ।

नौ वटा राजनीतिक दलको र स्वतन्त्रसहित यस निर्वाचन क्षेत्रमा ५४ हजार ३७ मत सदर भएको थियो । मतभारका आधारमा अहिलेको सत्ता गठबन्धनको मत ३० हजार २६९ रहेको छ । नेकपा एमाले एक्लैको मतभार भने २१ हजार ६१४ मत रहेको छ । यस बाहेक २ हजार १५४ मत अन्य दलको रहेको छ । मकवानपुर क्षेत्र नम्बर २ को प्रतिनीधिसभा र प्रदेशसभामा मतभारका आधारमा दोस्रो स्थान कब्जा गरेको नेपाली काँग्रेसको उमेदवार नै छैन भने तेस्रो स्थानको नेकपा माओवादी केन्द्रबाट कुमारी मोक्तान र स्थानीय निर्वाचनमा १ हजार ६४८ मत पाएको नेकपा एकीकृत समाजवादीका विरोध खतिवडा प्रतिनीधिसभाको लागि चुनावी मैदानमा छन् ।

### नेतृत्वमा बलियो काँग्रेस

मकवानपुर-२ (क) मा जिल्लाको ५ पालिकाको ३२ वटा वडा पर्दछ । वडागत राजनीतिक शक्तिलाई दाँज्ने हो भने यहाँ नेपाली काँग्रेस बलियो छ । ३२ मध्ये १४ वटा वडा नेपाली काँग्रेसले जितेको छ । ११ वटा नेकपा एमालेले र नेकपा माओवादी केन्द्रले जम्मा ७ वटा मात्र वडा जितेको छ ।

माओवादी केन्द्रले निर्वाचन क्षेत्र अन्तर्गत पर्ने पालिकाको थाहानगरमा ६ र भिमफेदी गाउँपालिकामा १ वटा वडा बहेक अन्य पालिकाको विजयी वडा शुन्य छ । तर, शक्तिमा रहेको नेपाली काँग्रेसले गठबन्धनका कारण यस निर्वाचन क्षेत्रमा आफ्नो चुनाव चिन्हमा भोट हाल्न नपाउने भएको छ । घुमाउरो तरिकाले उसले माओवादीको पेलान भनेको छ । काँग्रेसले प्रतिनीधिसभामा नेकपा एकीकृत समाजवादीको कलम चिन्ह र प्रदेश सभामा नेकपा माओवादी केन्द्रको गोलाकार भित्रको हँसिया हथौडा चुनाव चिन्हमा भोट हाल्नुपर्नेछ ।

वडागत विजयी शक्तिका हिसाबले पहिलो र मतभारका हिसाबले दोस्रो रहेको नेपाली काँग्रेसका एक कार्यकर्ताले भने-'हारेपनि आफ्नै चुनाव चिन्हमा हार्दा मज्जा आउँछ, शक्तिमै रहँदा नि आफ्नो चुनाव चिन्हमा भोट हाल्न पाइँदैन भन्दै कसरी जनतासामू अर्काको चिन्हमा भोटमाग्न जानू ।' 'हातमा चारतारा अंकित झण्डा र रूख चुनाव चिन्ह लिएर जनता सामू जाँदा भोट चै गोलाकार भित्रको हसिँया हथौडामा हाल कसरी भन्नू ? प्रतिप्रश्न गर्दै ति कार्यकर्ताले थपे । आफूलाई नेपाली काँग्रेसको क्रियाशील सदस्य बताउने अर्को एक कार्यकर्ताले भने,-'प्रतिनीधिसभा र प्रदेश सभामा त आफ्नो चुनाव चिन्हमा भोट हाल्न पाएनौं समानुपातिकमा त हाल न भनेम् संविधानको मर्म विपरितका उमेद्वार भएपछि त्यहाँपनि नहाल्ने भन्ने काँग्रेस कार्यकर्तालाई कसरी बुझाऔं ?'

### थाहानगरलाई सांसदको अवसर

मकवानपुर-२ (क) मा नेकपा माओवादीकी कुमारी मोक्तानको ह्याट्रिक की थाहानगरलाई साँसद ? भन्ने बहस शुरू भएको छ । मकवानपुरको दुई नगर पालिका अन्तर्गत सदरमुकाम बाहिर रहेको थाहाबाट नेकपा एमालेबाट विष्णु प्रसाद ढकालको उमेद्वारी दर्ता भएसंगै थाहा नगरपालिकाले सांसद पाउने अवसरको ढोका खुलेको हो ।

यसअघि अहिले थाहा नगरपालिकामा गाभिएको साविक दामन गाविसका रूपचन्द्र विष्ट सांसद भएका थिए । विष्टले ०३८ र ०४३ सालमा मकवानपुर जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गरेका थिए । त्यस्तै सूर्यबहादुर थापाको निर्वाचित मन्त्रीमण्डल गठन हुँदा २०३८ असार २ गते तिलक बहादुर नेगी श्रम तथा सामाजिक कल्याण मन्त्री भएका थिए । उनी हालको थाहा नगरपालिका वडा नम्बर ७ का हुन् । मुलुकमा प्रजातन्त्र आएपश्चात् हालको थाहानगरमा गाभिएका साविक गाविसहरूबाट कोही सांसद तथा मन्त्री भएका छैनन् ।

हालकी सांसद कुमारी मोक्तान २०६४ सालमा साविक मकवानपुर निर्वाचन क्षेत्र नम्बर ४ बाट संविधानसभा सदस्य र २०७४ सालमा मकवानपुर-२ (क) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भैसकेकी छिन् ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५७३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सम्पादकीय

## निर्वाचनको बाहानामा विकास नरोक्किकयोस्

लोकतन्त्रको संरक्षण र प्रवर्द्धनका लागि अद्यावधिक निर्वाचनको महत्वपूर्ण भूमिका हुन्छ । निर्वाचनको माध्यमबाट एकसे एक नेता खारिने र सुधारिने मौका पाउने भएकाले जतिसुकै खर्चिलो किन नहोस् निर्वाचनलाई संसारभरि लोकतन्त्रको जगेर्ना गर्ने उपकरणका रूपमा लिने गरिन्छ । निर्वाचन जनताको अभिमतलाई प्रतिनिधिको रूपमा रूपान्तरित गर्ने वैधानिक तरीका पनि हो । निर्वाचनको माध्यमबाट नै जनताको चाहना स्पष्ट हुने गर्छ । लोकतन्त्र जनताद्वारा जनताकै निमित्त जनताले शासन गर्ने व्यवस्था हो । लोकतन्त्र मानव स्वतन्त्रताको संरक्षण गर्ने सिद्धान्त पनि हो । आवधिक निर्वाचन लोकतन्त्रको मेरूदण्ड हो । निर्वाचन लोकतन्त्रको आत्मा हो । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनले राष्ट्रिय समस्याको निरूपण गर्न सहयोग पुर्‍याउँछ । लोकतन्त्रको स्वस्थता र सबलताका लागि आवधिक निर्वाचन अपरिहार्य छ । जुन कुरालाई नेपालको संविधानले आत्मसात् गरेको छ । लोकतन्त्रको संस्थागत विकासका लागि निर्वाचनको आवश्यकता पर्ने गर्छ । निर्वाचनविनाको लोकतन्त्र र लोकतान्त्रिक मूल्य–मान्यताविनाको निर्वाचनको कुनै महत्व हुँदैन ।

लोकतन्त्रमा निर्वाचनको महत्त्वपूर्ण भूमिका हुने भए पनि मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका कारण विकास निर्माणको काम प्रभावित हुनसक्ने भन्दै चिन्ता व्यक्त गरिएको छ । सरकारी काम गर्ने तौरतरीका हेर्दा विज्ञहरूले निर्वाचनका कारण विकास निर्माण प्रभावित हुने आंशका गरेका हुन् । नेपालमा सामान्यतया प्रमुख चाडपर्व सकिएलगत्तै कात्तिकपछि विकास निर्माणको सिजन शुरू हुने गर्छ । आर्थिक वर्षाको शुरुआत साउनमै भए पनि दशैं, र अहिले तिहारअघिसम्म विकास निर्माणका कामले गति लिने अभ्यास शुरू हुन सकेको छैन । अहिलेको अभ्यास हेर्दा मङ्सिर पहिलो सातासम्म विकास निर्माणका काम खासै हुँदैनन् । मकवानपुरको थाहा नगरपालिकाले वर्षौंनी भौ ७ गते सबै योजनाहरुको टेण्डर प्रकाशन गर्ने रुटिङ तयार गरी कार्यान्वयन गरेको भएपनि यसवर्ष अहिलेसम्म बोलपत्र आव्हान भएको छैन । लोकतन्त्रमा निर्वाचन भनेको निरन्तर रूपमा भइरहने प्रक्रिया हो । कहिले स्थानीय तहको त कहिले प्रतिनिधिसभा, प्रदेशसभाको निर्वाचन हुने गर्छ । निर्वाचनकै कारण विकास निर्माणका कार्यलाई ढिलाइ गर्दै जाने हो भने नेपालको विकास कछुवा हिंडाइमा सीमित हुन सक्छ । आर्थिक समृद्धि र विकासका लागि नेपालको अहिलेको विकास खरायो उफ्राइमा हुन आवश्यक छ । वास्तविक कारणविना कुनै पनि बहानामा समय खेर फाल्ने छूट छैन, हुनु हुँदैन । निर्वाचन कुनै हाउगुजीभन्दा पनि राजनीतिक दल र उम्मेदवारप्रतिको अभिमत जाँच गर्ने एउटा माध्यम मात्र भएकाले यसका कारण विकास निर्माण वा अन्य कार्यमा अवरोध सृजना गर्न कुनै जरुरी छैन ।

लोकतन्त्रको उद्देश्य पनि जनताको खुशी र सेवा गर्नु नै हो । विकास निर्माणको उद्देश्य पनि जनतालाई लाभ प्रदान गराउनु/गर्नु हो । आमनागरिकको जीवनस्तरमा परिवर्तन ल्याएर गुणस्तरीय जीवन व्यतीत गर्ने मौका प्रदान गर्नु विकासको लक्ष्य हो । यतिखेर हरेक नेपालीले आर्थिक समृद्धि र विकास चाहेका छन् । त्यसैले जनताको यस्तो चाहना पूरा गर्न राज्य संयन्त्रले गर्दै आएका नियमित काम कुनै पनि बहानामा ढिलाइ गर्ने गर्नु हुँदैन । त्यसो त नेपालको पूँजीगत खर्च गर्ने शैली निकै कमजोर छ, त्यसमा पनि कहिले निर्वाचन, कहिले चाडपर्व भन्ने हो भने देशलाई विकासको पाइलामा अघि बढाउन वर्षौं लाग्छ भन्ने कुरा मनन गरी विकासलाई कुनै पनि बहानामा नरोक्ने योजना र नीति अहिलेको आवश्यकता हो । विकास निर्माणलाई नरोक्ने कार्यमा सबैको जोड रहनुपर्छ । यसका लागि राज्य संयन्त्र अझ बढी जिम्मेवार हुनुपर्छ र राजनीतिक दल, उम्मेदवारलगायत आमसर्वसाधारणले विकास निर्माणका कार्यमा होस्टेमा हैंसे गरिरहन आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# मतदाताले अपनाउनुपर्ने सजगता



रामनारायण विडारी

**राज्यकोषबाट रकम खाने जोसुकैले निर्वाचनमा कुनै दल वा उम्मेदवारका पक्षमा लाग्नु, देखिनु, प्रचार वा समर्थन गर्नु सबै निष्पक्षताविरुद्ध र तटस्थताको बर्खिलाप हुन्छ। यी र यस्ता कुरा संसदीय व्यवस्थामा जन्मिएको विकृति भएकाले यस्तो हुन नदिन राज्यसंयन्त्र सजग हुनु वाञ्छनीय छ।**

संविधान जारी भएपछिको सङ्घीय संसद्को चुनाव दोस्रो पटक हुन गइरहेको छ । कम्तीमा पनि चार/पाँच पटक चुनाव नभएसम्म यो संविधानले उद्देश्यबमोजिमको सही दिशा लिन सक्दैन । संसारमा लोकतान्त्रिक पद्धति भएका मुलुकमा संविधान जारी भएपछि केही वर्ष त संविधानका बारेमा नै अन्योलजस्तो भई व्याख्या र संशोधनको आवश्यकता परेको देखिन्छ। चाहे त्यो अमेरिकी संविधान होस् वा भारतीय संविधान नै किन नहोस्। चाहे त्यो अध्यक्षात्मक होस् वा संसदीय प्रणाली, लोकतन्त्रमा संविधान बलियो हुन निर्वाचन एक उपयुक्त विधि हो। संविधान यस्तो दस्तावेज हो, जसमा कानुनी र राजनीतिक सम्मिश्रण रहेको हुन्छ। तसर्थ संविधान राजनीतिक तथा कानुनी सिद्धान्तको लिखत हो ।

नेपालमा संविधान सभाले संविधान जारी गरेको छ। यसको संशोधन सङ्घीय संसद्ले गर्नेछ । तसर्थ सङ्घीय संसद्ले संविधान संशोधन गर्न सक्ने भएकाले निर्वाचनमा पनि यो संविधान स्वीकार गरेर यसलाई परिमार्जन गर्नका निम्ति लागिपर्ने दललाई मतदान गर्नुपर्ने हो। संविधान घिनाउने वा मन नपराउने, संविधान जलाउने वा संविधानलाई लोकतन्त्रविरूद्ध लैजान खोज्ने वा संविधानका मूल सिद्धान्तविपरीत कार्य गर्न खोज्ने दललाई मतदान गर्नु वा त्यस्तो दलले यो संविधानबमोजिम मत माग्नु संविधानप्रति बेइमानी गरेको हुन्छ ।

यसैगरी विस्तृत शान्ति सम्झौता (२०६३)का पक्ष दलबीच चुनावी गठबन्धन हुनु स्वाभाविक छ । विस्तृत शान्ति सम्झौताका विरोधी र यस सम्झौताका पक्षलाई दमन गर्न खोज्ने निरंकुशताको पक्षपातीलाई मतदान गर्नु जनता र देशप्रति गद्दारी वा संविधानप्रति जालसाजी गरेको ठहर्नेछ । सत्तामा वा प्रतिपक्षमा रहँदा दुवै ठाउँबाट संविधान प्रहार गर्नेलाई मतदान गर्नु पनि जनताप्रति अपमान गर्नु हो, लोकतन्त्र नास्ने दुष्प्रयास हो भन्न कठिन छैन ।

केही दुष्ट पनि उम्मेदवार बनेका हुन सक्छन् । स्वार्थका लागि गठबन्धनमा पसेको वा बसेको हुन सक्छ । बाहिरका स्वतन्त्र वा अर्को दलको पनि राम्रा व्यक्तित्व उम्मेदवार हुन सक्छन् भन्ने पवित्र उद्देश्यसहित चुनाव यत्रो विधिको राज्य ढुकुटी खर्च गरेर गरिएको हुन्छ। यस्तोमा मतदाताले मसिनुसँग ध्यान दिनुपर्ने देखिन्छ। चुनावमा मतदाता न्यायाधीश हुन् । उम्मेदवार झगडिया हुन् ।

उनीहरूको झगडा कस्तो छ । के विषयमा झगडा भएकाले विभिन्न दल खडा गरेर वा स्वतन्त्र भएर न्यायाधीशरूपी जनतासमक्ष आएका हुन् ? त्यो कुरा जनताले बुझेर मतदान गर्नुपर्नेछ। चुनाव महँगो भयो भन्ने बुझाइ सर्वत्र छ। यो महँगो उम्मेदवारका लागि भएको हो । जनता भोट बिक्री गर्ने काम गर्दैनन् । कार्यकर्ताको खोल हालेर मतदाताको नाम लिएर उम्मेदवारसँग पैसा माग्ने संस्कृति हावी भएको देखिन्छ ।

पटक पटक सांसद बनेर नाजायज फाइदा लिएका उम्मेदवार, राज्यको ढुकुटीबाट ठेक्कापट्टाका नाममा मोबिलाइजेसन नामका रकम लिएर उम्मेदवार बनेका, तस्कर र कालाबजारी काम गरेर अवैध सम्पत्ति कमाएका र सांसद बनेर ती काला काम र धन जोगाउन लागिपरेका उम्मेदवारले विभिन्न बहानामा त्यस्ता व्यक्तिलाई पैसा दिने, ती व्यक्तिले गुण्डा पाल्ने अनि मादक पदार्थ खुवाएर हल्ला मच्चाउने कार्य गर्दै अनावश्यक प्रदर्शनी गर्ने कार्यबाट चुनाव राजनीतिक उम्मेदवारलाई महँगो हुन गयो। तसर्थ मतदाताले को राजनीतिक उम्मेदवार हो, को खाइपल्केका कपुत हुन्, छुट्याएर मतदात गर्नुपर्छ। यसका निम्ति उम्मेदवार व्यक्तिको पृष्ठभूमि, स्वभाव, चरित्र, दिनचर्या र उसका विगतका दिन साथै भोटको औचित्यमाथि उसको प्रतिबद्धता विगतमा कस्तो थियो भन्नेसमेत हेरेर मतदान गर्नुपर्छ ।

निर्वाचन महँगो हुनुमा कार्यकर्ता र उम्मेदवारको व्यवहारले पनि हो। स्वार्थमा डुबेका कार्यकर्ता र भ्रष्टाचारमा रमाउने उम्मेदवारबीचको तालमेलकै कारण निर्वाचन महँगो भएको हो। मन्त्री बन्ने र बनाउनेबीचको साँठगाँठ पनि महँगो चुनावको कारक तत्व हो । सांसदलाई संविधान संशोधन गर्ने कानुन बनाउने मात्र काममा सीमित गर्ने हो र मन्त्री सांसद बाहेककाले बनाउने हो भने सङ्घीय संसद्को चुनाव महँगो हुँदैन । निर्वाचनमा अन्धाधुन्द खर्च गर्ने अनि त्यो रकम मन्त्री भएर उठाउने प्रचलन हावी भएकाले पनि चुनाव महँगो हुन गएको हो । भ्रष्टाचार संस्थागत पनि हुन गयो। यो नै देश दुर्गतितिर बढ्दै गएको कारक तत्व पनि हो ।

कार्यपालिका, व्यवस्थापिकाबीचको शक्ति सन्तुलनको प्रक्रिया पनि सांसद, मन्त्री नबन्ने हो भने सक्रियतापूर्वक लागू हुन्छ। मन्त्री त विषयविज्ञ नै हुनु आवश्यक छ। किनकि ऊ चालक हो। चालक हुन विज्ञ हुनुपर्छ। अनुमति प्राप्त गर्नुपर्छ। ती विज्ञ मन्त्रीलाई जनताका प्रतिनिधिले अनुगमन गर्नुपर्छ अनि मात्र महाभियोग, सुनुवाइका प्रक्रिया संस्थागत हुन सक्छन्। यसका निम्ति कार्यपालिका प्रमुख सिङ्गो देश एक निर्वाचन क्षेत्र बनाएर प्रत्यक्ष निर्वाचित भएर आएको हुनुपर्छ ।

त्यो कार्यकारिणीले विज्ञहरूबाट मन्त्री नियुक्ति गर्छ। त्यो कार्यकारी प्रमुख संसद्को महाभियोग अस्त्रबाट नियन्त्रित हुन्छ। मन्त्रीहरू संसदीय सुनुवाइ र अविरल अनुगमनबाट नियन्त्रित हुनुका साथै कार्यकारिणी प्रमुखबाट नियन्त्रित हुन्छन् । यो पद्धतिमा जान केही पटकका निर्वाचनले संविधानले ठीक गति लिएपछि संविधानका यी प्रावधान संशोधन गरेर अगाडि बढ्न सकिन्छ। मतदाताले यो विषयमा छलफल र विचार गरेर मतदान गर्नुपर्ने हुन्छ ।

एकोहोरो उम्मेदवारले विकास र निर्माणको कुरा गरेर, संविधान र कानुनका कुरै नगरेर, अपत्यारिलो झुटका पोका बोकेर जनतामा भ्रम पार्न लागेको देखिन्छ । त्यस्ता उम्मेदवार गैरजिम्मेवार र जाली हुन्। देशमा आम्दानी कति छ ? राज्यको ढुकुटीमा कति रकम छ ? देशलाई ऋण कति छ ? ७५३ गाउँपालिकामा बजेट कति पुग्छ ? यो सबै हिसाब गरेर संसद्ले बजेट पारित गरिदिन्छ। उम्मेदवार आफ्नो निर्वाचन क्षेत्रमा नै खर्बौंको बजेट लाग्ने कुरा निर्वाचनकै समयमा गरिदिन्छ। विकास निर्माणको खाका दलले भने जनतालाई घोषणा पत्रमार्फत भन्नुपर्छ, यो दलको काम हो । दलको योजना र दृष्टिकोण हो ।

उम्मेदवार सङ्घीय संसद्को हो। उसलाई नेपालको संविधानले कार्यकारिणी अधिकार दिएको छैन। उसको अधिकार व्यवस्थापिकामा मात्र हुन्छ । यो भनेको कानुन बनाउने मात्र हो। यही  कुराविपरीत चुनावमा झुटा कुरा गरेर मतदातालाई आस–त्रास–भ्रम–जालमा पारेर हिंडेको देखिन्छ । यसलाई पत्याएर मतदाताले मत दिएको पाइन्छ । विकासको नारा प्रायः राजनीतिक चेत कम भएका काला धन थुपारेका धनाढ्यले बढी गरेको पाइन्छ। यिनीहरूको टाइँफुइँ पनि बढी देखिन्छ। हल्लाखल्ला बढी देखिन्छ । लोभीपापी यिनीहरूको पछाडि लागेको देखिन्छ ।

निजी तवरबाट म यति दिन्छु भनेर जनतालाई भन्ने गरेको, तलब भत्ता लिन्नँ भन्ने गरेको, निजी धनको फुर्ती देखाएर व्यापारमा लगानी गरेझैं पछि भ्रष्टाचारबाट उपर गर्ने योजना बनाएको पनि देखिन्छ । जालीझेली, राज्यका प्राकृतिक सम्पदा सरकार मिलाएर खान पल्केका उम्मेदवारले जनतामा यस्तो भ्रम फिँजाएको देखिन्छ। यो अत्यन्त विषाक्त कुरा हो । मजदुरको ज्याला कटौती गरेर उद्योग चलाउने, महँगो शुल्क लिएर अस्पताल, स्कुल चलाउने, विषाक्त विज्ञापन र मोलतोल गरेर भ्रमयुक्त सञ्चार सम्प्रेषण गर्नेहरू, विदेशी दूतावासबाट खर्च चलाउनेका यस्ता नारामा अलमलिनु हुँदैन मतदाता ।

राजनीतिमा योगदान कति ? स्वच्छ छवि कति ? सक्रियता, क्षमता, इमानदारी कति ? जनअधिकार बढाउने, समाज सिङ्गैको विकासमा योगदान गर्ने, नातागोता, जातभातमा विभेद नगर्ने, गरिबका निम्ति गरिब अघि सार्ने, राजनीतिमा जीवन व्यतीत गर्ने को–को छन् तीमध्ये पाए असल नपाए कम्ती बदमासलाई मतदान गर्ने वातावरण मतदातालाई बनाइदिनुपर्ने दायित्व राजनीतिक दलको हो। आफ्नाका नाममा, पैसाका नाममा, स्वार्थका कारण उम्मेदवार बनाउनु हुँदैन भन्ने मान्यता दलहरूमा आउन जरूरी छ। राज्यकोषबाट रकम खाने जोसुकैले निर्वाचनमा कुनै दलको पक्ष वा उम्मेदवारका पक्षमा लाग्नु वा देखिनु वा प्रचार गर्नु वा समर्थन गर्नु सबै निष्पक्षताविरूद्ध र तटस्थताको बर्खिलाप हुन जान्छ। यी र यस्ता कुरा संसदीय व्यवस्थामा जन्मिएको विकृति हो। यो फैलिन नदिन राज्यसंयन्त्र सजग हुनु वाञ्छनीय छ ।

# जिब्रोः जसले स्वास्थ्य स्थिति पनि बताउँछ



जब तपाईं बिरामी भएर अस्पताल पुग्नुहुन्छ, चिकित्सकले 'आँ गर्नुहोस्' भन्छन् । अनि तपाईंले मुख बाएर जिब्रो निकाल्नुहुन्छ । चिकित्सकले तपाईंको जिब्रो हेर्छन् र स्वास्थ्य स्थितिको प्रारम्भिक अनुमान गर्छन् ।

हामीलाई लाग्छ, जिब्रोको काम स्वाद पहिचान गर्नु मात्र हो । मुखको स्वास्थ्य र समग्र पाचनक्रियाकै लागि जिब्रोको खास भूमिका हुन्छ, तर मानव स्वास्थ्यको कुरा गरिरहँदा जिब्रोको चर्चा खासै गरिँदैन ।

मुखको अधिकांश फोहोर जिब्रोमा नै जम्मा हुन्छ, त्यसैले जिब्रो सफा गर्नु दाँत जत्तिकै महत्त्वपूर्ण भएको काठमाडौं मेडिकल कलेजकी लेक्चरर डा. प्रीति सिंह बताउँछिन् । 'जिब्रोमा सरसफाइमा ध्यान नदिँदा धेरै रोग लाग्न सक्छन् । यसबाहेक जिब्रोमा जमेको फोहोरका कारण सास गन्हाउने समस्या पनि देखा पर्न सक्छ ।'

जिब्रो हाम्रो शरीरको एकदमै महत्त्वपूर्ण अंग हो । यसको बनावट पनि अन्य अंगभन्दा फरक छ । गिजा र दाँतमा एउटा स्नायुले रगत प्रवाह गर्छ भने जिब्रोमा दुईवटा स्नायुले प्रवाह गर्छ । जिब्रोको अघिल्लो भागमा एउटा स्नायुले रगत प्रवाह गर्छ भने पछिल्लोमा अर्को स्नायुले । जिब्रोलाई सम्पूर्ण स्वास्थ्यको संकेतक पनि भन्न सकिने सिंह बताउँछिन् ।

जिब्रोले बोल्न, खाना चपाउन र स्वाद थाहा पाउन धेरै कुरामा सहयोग गर्छ । जिब्रोकै सहायताले शरीरको विभिन्न रोग पनि पहिचान गर्न सकिन्छ । यसको कलरले पनि शरीरको विभिन्न रोगको आँकलन गर्न सहयोग गर्ने उनी बताउँछिन् । 'कसैको रोग प्रतिरोधात्मक क्षमता कम छ भने त्यो पनि जिब्रोले बताउँछ । त्यसैले मुख र त्यसमा पनि जिब्रोलाई शरीरको ऐना पनि भनिन्छ,' उनी भन्छिन् ।

## यसले कसरी स्वाद पहिचान गर्छ ?

जिब्रोको विभिन्न भागमा टेस्ट बर्डहरू फैलिएर बसेको हुन्छ । जिब्रोको टुप्पोमा एक प्रकारको छेउछाउको भागमा र पछाडि भागमा अर्को फैलिएर बसेको हुन्छ । हाम्रो जिब्रोको पछिल्लो भागले तीतो, टुप्पोले गुलियो र बीचको छेउछाउको भागले नुनिलो र अमिलो स्वाद थाहा पाउँछ । । डा. सिंह भन्छिन्, 'उदाहरणका लागि हामीलाई गुलियो स्वाद थाहा पाउनुपर्‍यो भने छेउछाउको टेस्ट बर्डहरूले स्वाद थाहा पाउँछन् । त्यस्तै तीतो खानेकुराको स्वाद जिब्रोको पछाडिपट्टि भएको टेस्ट बर्डले थाहा पाउँछ ।

## पाचन प्रक्रियामा जिब्रोको भूमिका

जिब्रोले स्वाद पहिचान गर्छ र खानालाई राम्ररी चपाउन सजिलो बनाउन र्‍यालसँग खानालाई मिसाउँछ । र्‍याल मिसिएर खाना नरम हुन्छ र निल्न पनि सजिलो हुन्छ । खाना नली हुँदै त्यो खाना पेटमा पुग्छ र पेटले पनि त्यो खानालाई राम्ररी पचाएर पाचनतन्त्रको कामलाई सजिलो बनाइदिन्छ ।

यदि खाना राम्ररी चपिएन नै त्यसलाई पचाउन पाचनतन्त्रलाई धेरै मेहनत गर्नुपर्छ र त्यसमा समस्या पनि देखा पर्न सक्छ । त्यसैले पाचनक्रियालाई सहज बनाउन जिब्रोको महत्त्वपूर्ण भूमिका हुने डा. सिंह बताउँछिन् ।

## जिब्रोलाई स्वस्थ राख्न के गर्नुपर्छ ?

दाँतलाई सफा गर्ने बेला हामी जिब्रोलाई भने सफा गर्न बिर्सने गर्छौं । दाँत सफा गरेपछि दाँतमा भएका कीटाणु त बाहिर निस्कन्छन् । तर जिब्रो सफा गरिएन भने फोहोर तह बनाएर जिब्रोमा बस्छ र त्यहाँ विभिन्न कीटाणुहरू बढ्न थाल्छन् ।

जिब्रोको यी कीटाणुको कारणले सास गन्हाउने समस्या समेत हुन्छ । त्यसैले जिब्रोलाई नियमित सफा गर्नुपर्ने उनी सुझाउँछिन् । 'यसले जिब्रोको मृत छाला र कीटाणुलाई हटाउँछ,' डा. सिंह भन्छिन् ।

जिब्रो सफा गर्न बजारमा 'टङ्ग क्लिनर' पाइन्छ । कतिपय ब्रसको पछाडिपट्टिको भागमा पनि 'टङ्ग क्लिनर' हुन्छ त्यसले जिब्रो सफा गर्नुपर्ने उनी बताउँछिन् ।

जिब्रोसँगै सम्पूर्ण शारीरिक स्वास्थ्यको लागि भिटामिन, मिनरल्स भएका खानेकुरा बढी खानु उचित हुन्छ । सिंह भन्छिन्, 'जिब्रोलाई स्वस्थ र सफा राख्न हरेक पटक खाना खाइसकेपछि सफा पानीले मुख कुल्ला गर्नुपर्छ ।'

# थरीथरीका लौरो !

लौरो यो कुनै टेको मात्र होइन, बुढ्यौलीको साथी पनि हो । जब मान्छेको शरीर शिथिल हुँदै जान्छ, लौरोको भर थेग खोज्छन् । उठ्दा, हिँड्दा लौरो चाहिन्छ ।

बुढ्यौली जीवनको एक अनिवार्य चरण हो । हरेक मान्छे यही चरणबाट गुज्रिन्छन् र त्यसबेला उनीहरूको सहारा बन्छ लौरो । सामान्य लाग्छ, तर लौरोसँग मान्छेको सम्बन्ध निकै घनिष्ठ छ ।

शरीर कमजोर हुँदा होस् वा बुढ्यौलीले छोप्दा लौरो टेक्नुपर्छ । लामो पैदल यात्रामा पाइला चाल्न लौरोले थप आड दिन्छ । अकस्मात् हुने आक्रमणबाट जोगिन होस् वा हिंस्रक जीवजन्तुबाट, लौरोले साथ दिन्छ । त्यसैले त लौरोले केही प्रतीकात्मक अर्थ बोक्छ । जस्तो कि यो हतियार हो, सहारा हो अनि दण्ड पनि ।

लौरोलाई संस्कृतमा दण्ड पनि भनिन्छ । चोर, फटाहा, भ्रष्टाचारी, व्यभिचारीलाई तह लगाउन लट्ठीको काम आउँछ ।

## थरीथरीका लौरो

बुढेसकालमा सामान्य हिँडडुल गर्दा टेक्ने लौरो, पैदलयात्रा गर्दा प्रयोग गर्ने लौरो र अन्य प्रयोजनको लागि प्रयोग हुने विभिन्न डिजाइनको लौरो बजारमा पाइन्छ । अहिले बजारमा काठको लौरो, आल्मुनियमको लौरो, फलामको लौरो र फाइबरको लौरो गरी चार प्रकारको लौरो पाइन्छ ।

## काठको लौरो

गाउँघरतिर त लौरो किन्ने चलन हुँदैन । प्रायःले जंगलबाट दाउरा ल्याएर घरमै लौरो बनाउने गर्छन् । बजारमा घँगारु, रुइस र वेत लगायतको काठको लौरो किन्न पाइन्छ । तर एकदमै धेरै प्रयोग हुने र बढी रुचाइएको भने वेतको लौरो भएको आर्यमन हस्तकलाका सञ्चालक दिवस श्रेष्ठ बताउँछन् ।

'वेतको लौरो हल्का हुने भएकाले यो समाउन एकदमै सजिलो हुन्छ । अन्य काठको लौरोको तुलनामा यो एकदमै बलियो पनि हुने भएकाले वेतको लौरो धेरै प्रयोग हुन्छ । वेतको लौरोको मूल्य ५ सयदेखि एक हजार रूपैयाँसम्म पर्छ,' उनी भन्छन् ।

## आल्मुनियमको लौरो

पछिल्लो समय काठको लौरोको प्रयोग कम हुँदै गएको छ । किनकि अहिले बजारमा विभिन्न आधुनिक डिजाइनका फलाम, आल्मुनियम र फाइबरको लौरो उपलब्ध छन् । यी लौरोको हाइट घटबढ गर्न मिल्छ र यिनीहरू समाउन पनि सजिलो हुन्छ । आल्मुनियम र फाइबरको लौरो हल्का पनि हुन्छ, जसले गर्दा बुढाबुढीलाई बोक्न सजिलो हुन्छ । 'टी ह्यान्डल', 'फोल्डिङ स्टाइल' र 'ननफोल्डिङ' तीनवटा डिजाइनमा यी लौरो पाइने ट्रेकिङ शप हिमालय ग्रेसका सञ्चालक शोभित भण्डारी बताउँछन् ।

'सामान्यतः फलामको लौरोको १ हजारदेखि १५ सय रूपैयाँ, आल्मुनियमको २ हजारदेखि २५ रूपैयाँ र फाइबरको लौरोको भने ३५ सयदेखि चार हजार रूपैयाँसम्म पर्छ ।'

## कहाँ कहाँ पाइन्छन् ?

बासको फर्निचर पाइने ठाउँ, सुपर मार्केट, ट्रेकिङको सामग्री पाइने पसल आदि ठाउँमा यस्ता लौरो किन्न पाइन्छ ।

## कुन बढी उपयोगी ?

काठको लौरो तथा आल्मुनियमको दुवै प्रकारको लौरोको आफ्नै विशेषता छ । तर उचाइ घटबढ गर्न मिल्ने, समाउन सजिलो र बोक्न हल्का हुने हिसाबले फाइबर तथा आल्मुनियमको लौरो बढी उपयोगी हुने भण्डारी बताउँछन् । बुढाबुढीको लागि 'टी ह्यान्डल' भएको लौरो बढी उपयोगी हुन्छ । 'टी ह्यान्डल' भएको लौरोको समाउने भागमा फम राखेको हुनाले समाउँदा हातमा फोका उठ्दैन । युवाहरूको लागि फोल्डिङ लौरो उपयोगी हुन्छ, सानो पारेर बोक्न मिल्ने र बोक्न पनि हल्का हुन्छ ।

## राम्रो लौरो कसरी छान्ने ?

लौरो छनोट गर्दा टेक्ने ठाउँमा रबर भएको छान्नुपर्ने भण्डारी बताउँछन् । रबर भएको लौरो हिलो र धुलोमा गाडिँदैन । साथै वृद्धवृद्धाका लागि समाउन हल्का र टी ह्यान्डल भएको लौरो बढी उपयोगी हुने उनी बताउँछन् ।

## बुढेसकालमा लौरो

बुढेसकालमा वा शरीर कमजोर हुँदा लौरोको प्रयोग एकदमै जरूरी हुन्छ । बुढेसकालमा हिँडडुल गर्दा लौरो प्रयोग गरेको मान्छेको शरीरको 'पोस्चर' राम्रो हुन्छ भनेर विभिन्न अध्ययनले समेत देखाउने प्राकृतिक चिकित्सक डा. मनोज ढकाल बताउँछन् ।

'बुढेसकालमा हिँडडुल गर्दा लौरो प्रयोग गर्ने व्यक्ति लौरो प्रयोग नगर्नेको तुलनामा अलि बढी स्वस्थ र सक्रिय हुन्छन्,' उनी भन्छन् ।

## लौरोको भरथेग

मान्छेको खुट्टाले जति जमिन ओगटेको हुन्छ, लौरोको प्रयोग गर्दा त्यो भन्दा धेरै जमिन ओगट्छ । जसले गर्दा शरीर सन्तुलनमा रहन्छ र लड्ने सम्भावना कम हुन्छ । त्यसैले कतै उकालो ओरालोमा लौरोको प्रयोग गर्दा त्यसले शरीरलाई सन्तुलनमा राखेर भरथेग गर्ने ढकाल बताउँछन् ।

बुढेसकालमा शरीर कमजोर भएको हुन्छ । जसले गर्दा वृद्ध उमेरका व्यक्तिलाई हिँड्नको लागि सहाराको आवश्यकता पर्छ । लौरोलाई बुढेसकालको सहारा नै भन्ने चलन छ । शरीर कमजोर भएर सन्तुलनमा नहुँदा लौरोले सहारा दिन्छ । बुढेसकालमा हिँडडुल गर्न गाह्रो छ भनेर एकै ठाउँमा बस्नु भन्दा लौरोको प्रयोग गरेर भए पनि थोरै थोरै हिँडडुल गर्दा शरीरको 'पोस्चर' राम्रो हुने र मांसपेशी बलियो हुने डा. ढकाल बताउँछन् ।






# 'खेलकुदका विकासका लागि पालिकाले सहयोग गर्छ'-नगर प्रमुख विष्ट



◆ विकास संवाददाता

थाहानगर जिल्लाकै भलिबल खेलको उर्वरभूमी भएको थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टले बताएका छन् ।

नगर प्रमुख विष्टले थाहानगर खेलाडी उत्पादन गर्ने थलोको रूपमा रहेकोले यहाँबाट जिल्लास्तरीय मात्र नभै अब प्रदेश र राष्ट्रियस्तरको खेलाडी उत्पादन गर्नुपर्ने बताए । थाहा नगर पालिकाको फाँटबजारमा ६ कात्तिकबाट शुरू भएको पाँचौं संस्करणको विनयबाबु स्मृति जिल्लास्तरीय रनिङ शिल्ड भलिबल प्रतियोगिताको उद्घाटन समारोहलाई सम्बोधन गर्दै नगर प्रमुख विष्टले यस्तो बताएका हुन् । विष्टले खेलाडी उत्पादन र प्रतियोगिता संचालन गर्नको लागि आर्थिक व्यवस्थापनले समस्या भएपनि खेल र खेलाडीको विकासको निम्ति थाहा नगरपालिकाले एकद्वार प्रणाली मार्फत खेलकुद विकास समिती नै बनाएर नगर को खेलकुद क्षेत्रको विकास गरिने बताए । उनले प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गरे ।

विनय बाबु स्मृति प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा थाहा नगरपालिका वडा न २ का अध्यक्ष बम बहादुर सिङ्तान तथा वडा सदस्यहरू, युवराज बिष्ट, रितु कार्की, श्रीजना बि.क. प्रतिष्ठानका संस्थापक बिजयबाबु बस्नेत, विनयबाबुका बाबु बिष्णु बहादुर बस्नेत, समाजसेवी श्यामभक्त श्रेष्ठ, जिल्ला रेडक्रसका कोषाध्यक्ष हरीकृष्ण कार्की, नेकपा एसका थाहानगर उपाध्यक्ष सुर्य तामाङ, नगर भलिबल संघका अध्यक्ष वसन्त गोपाली, समाजसेवीहरू गोबिन्द कार्की, उद्दव राना मगर, रामशरण थापालगायतका उपस्थिति रहेको थियो ।

१६ टिमको सहभागीता रहेको प्रतियोगिता ८ कात्तिकसम्म संचालन हुने आयोजकले बताएको छ ।

# थाहानगरका विष्टलाई आर्थिक विकास सेवा सम्मान



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ का नवराज विष्टलाई आर्थिक विकास सेवा सम्मान पाएका छन् ।

मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष विष्ट फोकस नेपालले प्रदान गरेको आर्थिक विकास सेवा सम्मानबाट सम्मानित भएका हुन् । लामो समयदेखि सहकारी अभियानमा रही निष्ठा र समर्पणकासाथ राष्ट्र विकास, सहकारी क्षेत्रको विकास तथा सामाजिक सेवामा पुऱ्याएको योगदानको कदर गर्दै ५ कात्तिकमा काठमाण्डौंमा आयोजना गरिएको सम्मान प्रदान तथा देउसी–भैलो विशेष साँस्कृति समारोहमा विष्टलाई सम्मान गरिएको हो ।

विष्ट जिल्ला सहकारी संघ ललितपुरका संचालक सदस्य समेत हुन् ।

# 'सडक र शिक्षा मेरो प्राथमिकता'- उमेद्वार ढकाल

◆ विकास संवाददाता



नेकपा एमाले मकवानपुर क्षेत्र नम्बर २ (क) का प्रदेश सभा सदस्य उमेदवार विष्णु प्रसाद ढकालले आफू निर्वाचित भएमा ग्रामीण वस्तीहरूको सडक र शिक्षालाई प्राथमिकता दिने बताएका छन् । नेकपा एमाले थाहा ५ नम्बर वडा कमिटीले ४ कात्तिकमा आयोजना गरेको चियापान कार्यक्रममा ढकालले वर्तमान प्रदेश सरकारले वडा नम्बर ५ मा कुनै पनि योजना नपारेकोमा दुःख व्यक्त गर्दै राजनीतिक प्रतिशोध देखाएको आरोप लगाए ।

ढकालले भने,-'दुरीका हिसाबले राजमार्ग नजिक भएर पनि सडकको स्तरोन्नति नभएकोले जनताहरूको दैनिक जीवन कष्टकर छ, यो कष्टकर जीवन कसैले देख्न सकेनन्, अब मंसिर ४ पछि एमाले सरकारको प्रत्यक्ष सहभागिता रहनेछ ।' ढकालले एमालेको विगतमा रहेको सरकार र वर्तमान सरकार रहँदाको बजार मूल्यलाई मात्र ध्यान दिदा पनि जनताले सजिलै कुन सरकार उत्कृष्ट हो भनेर बुझ्न सकिने बताए । ५ नम्बर वडामा अहिलेसम्म एउटा पनि मावि तहको विद्यालय नहुँदा साना वालवालिकाहरू शिक्षाबाट बञ्चित भैरहेको बताए ।

ढकालले प्रदेशमा आफू र प्रतिनिधि सभामा युवा उमेदवार महेश बर्तौलालाई निर्वाचित गराए जनतालाई दुःखी हुन नदिने प्रतिवद्दता व्यक्त गरे ।

# थाहामा बजार अनुगमन

◆ विकास संवाददाता

थाहा नगरपालिकाले चाडपर्व नजिकिएसँगै बजार अनुगमन गरेको छ । पालिकाले १ कात्तिकमा उपभोक्ता हित संरक्षण समितिको विशेष बजार अनुमन गरेको हो । अनुगमन समितिले खाद्यान्न, इन्धन, माछामासू, तरकारी, फलफूल लगायतका थोक तथा खुद्रा पसलमा अनुगमन गरेको छ ।

चाडपर्वको समयमा व्यापारीहरूले जथाभावी मूल्य लिने, म्याद गुज्रिएका अखाद्य वस्तुलाई बेच्ने लगायतका समस्या देखिने गरेकाले चाडवाडमा अनुगमनलाई सक्रिय रूपमा अगाडि बढाएको हो। समितिले थाहा नगरको वडा नम्बर ७ को मुख्य बजार डाँडाबास बजारका पसलहरू अनुगमन गरियको थियो। बजार अनुगमन व्यवसायीहरूलाई आतंक फैलाउने र तत्काल जरिवाना गरेर तर्साउने उद्देश्यले नभएको अनुगमन समितिका संयोजक भरत गोपालीले स्पष्ट पारे। बढी मूल्य लिने, मूल्यसूची नराख्ने, गुणस्तरीय वस्तु विक्री वितरण नगरी उपोभोक्ता ठग्ने, नगरमा व्यवसाय दर्ता तथा नविकरण नगर्ने व्यापारीलाई मात्र अनुगमनको क्रममा चेतावनी दिइएको उनले बताए ।

नगरले चार्डपर्वको सन्दर्भमा अनुगमनलाई प्रभावकारी बनाउन पहिलो चरणमा दसैंमा बजार अनुगमन गरेको थियो त्यपछि क्रमशः सबै नगरका बजार निरिक्षण गरिने क्रममा १ कात्तिकमा डाँडाबास बजार अनुगमन गरिएको अनुगमन समितिका अजित घिमिरेले बताए । अनुगमनका क्रममा मूल्य सुची नराखेको तथा म्याद गुज्रिएको सामान फेला परेका व्यावसायी हरूलाइ चेतावनी सहित छाडिएको थियो।

अनुगमनमा उपभोक्ता हित संरक्षण समिती संयोजक भरत गोपाली, नगर अनुगमन समिति संयोजक अजित घिमिरे, नगर अनुगमन समितिका सदस्य अनिल लामिछाने, उमेश श्रेष्ठ, उपभोक्ता हित संरक्षण समितिका जिल्ला सदस्य गणेशमान श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मंचका थाहा नगरका प्रतिनिधि नेत्र कार्की, ईलाका प्रहरी कार्यालय पालुङ्का प्रतिनिधि चन्दन साहलेली, संचारकर्मी शम्भु अधिकारीको सहभागिता रहेको थियो।



अनुगमनका क्रममा मूल्य सुची नराखेको तथा म्याद गुज्रिएको सामान फेला परेका व्यावसायी हरुलाइ चेतावनी सहित छाडिएको थियो।

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा थाहानगरका थापालाई स्वर्ण

◆ विकास संवाददाता

पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा मकवानपुर थाहा नगर पालिकाका दुई खेलाडीले पदक हात पारेका छन् । पालिकाका वडा नम्बर १० विसिङ्खेलका आशिष थापाले करातेमा दुई पदक जित्न सफल भएका हुन् । थापाले प्रतियोगितामा व्यक्तिगत स्पर्धातर्फ स्वर्ण पदक तथा टिम स्पर्धा तर्फ कास्य पदक हात पारेका हुन् ।

यसैबीच विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लब गण्डकी प्रदेशमा भएको नवौं बृहत खेलकुदको च्याम्पियन बनेको छ । २८ असोजमा औपचारिक उद्घाटन भएर एक सातासम्म गण्डकीको विभिन्न जिल्लामा सञ्चालन भएको राष्ट्रिय खेलकुदमा आर्मीले सर्वाधिक १७२ स्वर्ण सहित कूल ३७१ पदक जित्यो । आर्मीले १०९ रजत र ८९ कांस्य जित्यो ।

पहिलो पटक राष्ट्रिय खेलकुदको विजेताले पाउने ट्रफी सुन र चाँदी समावेश गरेर बनाइएको थियो । १० लाख रूपैयाँको लागतमा निर्माण गरिएको उक्त ट्रफी उचाल्ने आर्मी पहिलो भाग्यमानी टिम बन्यो । यो ट्रफीलाई सात प्रदेश, तीन वटै विभागीय टिमको मुख्यालयसहित विश्व सम्पदामा सूचीकृत भएका स्वयम्भू, बसन्तपुर दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर र पाटन दरबार स्क्वायर, लुम्बिनी सँगै जनकपुर धाम र चन्द्रागिरिमामा पुऱ्याइएको थियो । यस्तै दोस्रो भएको अर्को विभागीय टोली एपीएफले ६४ स्वर्ण ७३ रजत र ८१ कास्यसहित १९५ पदक जित्यो । प्रतियोगिताको अन्तिम स्पर्धाको रूपमा रहेको पुरूष फुटबलको स्वर्ण पदक समेत एपीएफले जित्यो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहाको सिमभन्ज्याङमा पर्वतीय ताल बनाउन स्यार्सेकालीलाई ठेक्का

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ सिमभन्ज्याङमा पर्वतीय ताल निर्माण हुने भएको छ । १० वर्षदेखि करूणाभूमि सामुदायिक वन उपभोक्ता समितिले थालेको ताल बनाउने अभियानले मुर्त रूप पाउने भएको छ ।

थाहा नगरपालिकाको मुख्य पर्यटकीय स्थल तथा मकवानपुर जिल्लाकै उच्च भागमा अवस्थित रमणीय स्थल सिमभन्ज्याङको निर्माणाधीन पर्वतिय कृतिम तालको निर्माणको लागि ठेक्का लागेको छ । भौतिक पुर्वाधार विकास मन्त्रालय बागमती प्रदेशको ८० लाख रूपैयाँको बजेटबाट ताल निर्माण हुन लागेको हो । ताल निर्माणका लागि स्यार्सेकाली बिल्डर्स प्रा लि ले ६१ लाख



३३ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको छ । निर्माण व्यवसायीले कार्यादेश लिई काम शुरू गरिसकेको छ ।

सिमभन्ज्याङमा तीन वटा ताल निर्माण गर्ने गरी थालिएको अभियानमा तालमा वोटिङ तथा लोपोन्मुख असला माछा संरक्षणको र फिसिङको समेत उदेश्य लिइएको छ । तालको निर्माणले थाहानगरमा भित्रने पर्यटनको बसाइँ लम्ब्याउन सकिने करूणा भुमी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष बिनोद कुमार लामाले बताए ।

# 'युवा रोजगार तथा सामाजिक सुरक्षालाई महत्व दिन्छु'-ढकाल

◆ विकास संवाददाता

नेकपा एमालेका तर्फबाट मकवानपुर क्षेत्र नम्बर २ 'क' प्रदेश सभा सदस्य उमेदवार विष्णु प्रसाद ढकालले प्रदेश सरकार मार्फत युवा रोजगार तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई महत्व दिएर काम गर्ने बताएका छन् ।

एमाले थाहा ३ वडा कमिटीको आयोजनामा ५ कात्तिक बिहान भएको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा उमेदवार ढकालले बेरोजगारी नै मूख्य समस्या रहेकोले प्रदेश सरकारले युवा लक्षित कार्यक्रमहरू तयार गरि गाउँगाउँमा पुऱ्याउने वचन दिए । ढकालले भने–'एमाले सरकारले ल्याएका युवा लक्षित कार्यक्रमहरू वर्तमान सरकारले आफ्ना आसेपासेहरूलाई मात्र वितरण गरेको छ, काम नै नगरी कार्यकर्ताहरूले सरकारी पैसा इवाम बनाइरहेका छन् ।'

आफू यहि क्षेत्रको भएकोले साना साना आवश्यकताहरूको पहिचान गरी कार्यान्वयनमा जोड दिने बताए । ढकालले




प्रतिनिधि सभा सदस्यमा एमालेका युवा उमेदवार महेश बर्तौला र आफू मिलेर क्षेत्रको विकास गर्ने बताए । कार्यक्रममा प्रमुख अतिथि एमाले बागमती प्रदेश कमिटी सदस्य बरिना बलले अबको सरकारमा एमालेको बिकल्प नरहेको बताउदै सुखी नेपाली समृद्ध नेपालको परिकल्पना साकार पार्न सबैले सूर्य चिन्हमा मतदान गर्नु पर्ने बताइन् ।

वडा कमिटीका अध्यक्ष केदार विष्टको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सदस्य श्यामभक्त श्रेष्ठ, जिल्ला सदस्य तथा थाहानगर सह–इञ्चार्ज सुरेन्द्रमान प्रधान, प्रदेश पर्यटन विभाग सदस्य बिमलकुमार ढकाल, पार्टी जिल्ला सदस्य शिवराम थापा, नगर अध्यक्ष अचुतम प्रसाद ढकाललगायतको सहभागिता थियो ।

# माओवादी थाहानगरले थाल्यो निर्वाचन लक्षित अभियान



◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र थाहानगर कमिटीले नगरको १२ वटै वडामा आमनिर्वाचन लक्षित बैठक तथा भेला गरेको छ। माओवादी केन्द्रको १२ वटै वडाका कमिटीको ४ कात्तिकमा बैठक सम्पन्न भएको नगर अध्यक्ष बिनोद कुमार लामाले जानकारी दिए ।

बैठकमा आसन्न निर्वाचनमा बाम लोकतान्त्रिक गठबन्धनका साझा उमेदवारहरूलाई विजयी बनाउन निर्वाचन लक्षित विभिन्न एजेन्डामा छलफल गरी गठबन्धन उमेदवारलाई विजयी बनाउन परिचालित हुने निर्णय गरियको छ । बैठकमा प्रत्येक वडामा माओवादी केन्द्रका नेताहरूले सम्बोधन गरेका थिए । वडा नम्बर ७ र ८ मा प्रदेश कमिटी सदस्य तथा निवर्तमान नगर प्रमुख लवशेर विष्ट, ११ र १२ मा विष्णु विष्ट, वडा नं ९ मा नगर अध्यक्ष बिनोद लामा, वडा नं १ मा जिल्ला समन्वय समिति सदस्य सुवर्ण गोपाली, वडा नम्बर २ मा वाइसीएल नगर सचिब युवराज बिष्ट, ३ र ४ मा पार्टीका जिल्ला समन्वय समिति सदस्य अरूण रायमाझी, ५ मा प्रदेश कमिटी सदस्य ज्योती रायमाझी, वडा न ६ मा प्रदेश कमिटी सदस्य इन्द्र बहादुर श्रेष्ठ र १० मा जिल्ला समन्वय समिति सदस्य कृष्ण कार्कीले सम्बोधन गरेका थिए ।

थाहानगरसहित मकवानपुरमा गठबन्धनका उमेद्वारलाई जिताउन साझा धारणा बनाएर प्रचार अभियानलाई तिब्रता दिएको छ ।

# बज्रवाराहीमा ८७ जनाले रक्तदान गरे




◆ विकास संवाददाता

सिटिजन लाईफ इन्स्योरेन्सको पाँचौं वार्षिक उत्सवको अवसरमा मकवानपुर थाहानगरको बज्रवाराहीमा रक्तदान कार्यक्रम भएको छ । इन्स्योरेन्स कम्पनीले ४ कात्तिकमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

रक्तदान कार्यक्रममा कम्पनीको तर्फबाट लिना श्रेष्ठ, सुशीला ढकाल, रचना पौडेल, निर्मल िगिरी सीता पोखेल र जागेन्द्र गिरीको टोली खटिएका थिए । कार्यक्रममा ८७ जनाले रक्तदान गरेका थिए । वडा नम्बर ६ को कार्यालयको प्राङ्गणमा भएको कार्यक्रमका लागि एजेन्सी मेनेजर राजु नेपालले सहयोग गरेका थिए भने एजेन्सी मेनेजर श्याम गोपाल श्रेष्ठको संयोजकत्वमा भएको बज्रवाराही शाखा प्रमुख रामकाजी महर्जनले जानकारी दिए ।

कार्यक्रलाई सफल रूपमा संचालन गरेकोमा थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको सिटिजन लाईफ इन्स्योरेन्स कम्पनी कार्यालयलाई प्रशंसा पत्र दिइएको छ ।

# थाहाका महिला जनप्रतिनीधिहरूलाई ३ दिने क्षमता विकास तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका महिला जनप्रतिनीधिहरूका लागि तीन दिने क्षमता अभिवृद्धि तालिम भएको छ । पालिकाको आयोजनामा उद्घोषण, नेतृत्व विकास तथा कानूनी शिक्षा सम्बन्धि तालिम ३१ असोजदेखि २ कात्तिकसम्म इन्द्रसरोवर गाउँपालिकाको सिम्लाङमा भएको हो । सिम्लाङको डि(लेकसाइड सिम्लाङ होटलमा भएको तालिममा थाहा नगरपालिकाका महिला जनप्रतिनीधि २४ जना र कार्यपालिका सदस्यहरूको सहभागिता रहेको थियो ।

तीनदिनसम्म संचालन भएको तालिम महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण शाखाको व्यवस्थापनमा भएको हो । तालिमका सहभागीहरूलाई कुमार नेगी, सुरज कुमार भुजेल र अधिवक्त प्रवीण हुमागाईले सहजीकरण गरेका थिए । तालिममा सैद्धानितकसंगै प्रयोगात्मक अभ्यास समेत गराइएको थियो । सहभागीहरू तथा महिला जनप्रतिनीधि रितु कार्कीले तालिम निकै प्रभावकारी भएको धारणा राखिन् । उनले जनप्रतिनीधि भन्ने वित्तिकै अरूले सोच्ने र आफूमा हुने सीपबीच अन्तर हुने भएकोले सीप र कानूनी शिक्षा सम्बन्धी तालिम पाएर थप मद्दत मिलेको बताइन् ।

थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्लेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा लेखा अधिकृत हरि बहादुर खपाङ्गी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, महिला तथा बालबालिका शाखाकी प्रमुख प्रतिमा मोक्तानलगायतकाको आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि काफ्लेले तालिम भएपनि सिकाई उपलब्धी देखिएकोमा खुशी व्यक्त गरे । उनले जनप्रतिनीधिहरूलाई नेतृत्व विकाससंगै बैठक संचालन, सभा संचालन, योजना तर्जुमा तथा अन्य आधारभूत विषयमा समेत तालिम दिन सके अझ प्रभावकारी हुने भएकोले त्यस विषयमा समेत कार्यालयले योजना बनाउने बताए । उनले जनप्रतिनीधिहरूलाई पूर्वाधार मात्र नभई यो पनि विकासकै चरण भएको सुझाए ।

समापन कार्यक्रमको अवसरमा रितु कार्की, अन्जु श्रेष्ठ, अनिता बललगायतले डेमो कार्यक्रम संचालन गरेका थिए भने सहभागीको तर्फबाट कविता विष्टले तालिमको प्रभावकारितको विषयमा मन्तव्य व्यक्त गरेकी थिइन् । समापन कार्यक्रमको अवसरमा तालिमलाई व्यवस्थित रूपमा संचालन र सिकाईलाई व्यवहारमा उतार्न महिला तथा बालबालिका शाखाकी प्रमुख प्रतिमा मोक्तानले आग्रह गरिन् । शाखा प्रमुख मोक्तानले तालिम सफल बनाउनको लागि सहयोग गर्ने सहभागी तथा सम्पूर्णमा धन्यवाद व्यक्त गरिन् । थाहा नगरपालिका सामाजिक विकास समिति सदस्य पवित्रा ठकुरीको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रशिक्षकहरूको तर्फबाट कुमार नेगीले मन्तव्य व्यक्त गरेका थिए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: *bikaskhabar@gmail.com* ● सम्पादक : कुमार नेगी